

कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७५

प्रस्तावना : प्रदेशको कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक एवं प्रतिस्पर्धी वनाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति दिन निजि तथा सरकारी क्षेत्रको साझेदारी मार्फत स्थानिय तथा प्रदेश स्तरमा स्वरोजगारीको अवसर सिर्जना गरी गरिवी न्यूनीकरणमा सहयोग पुर्याउन कृषि एवं पशुपन्छीजन्य उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हासिल गरी कृषिजन्य उत्पादनलाई निर्यातयोग्य अवस्थामा पुर्याउन यस प्रदेश सरकारबाट कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बरहरु जस्ता पुर्वाधारहरुको विकासका लागि प्रदान गरिने अनुदानलाई सरल, पारदर्शी एवं प्रभावकारी तुल्याउन बान्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो "कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालन कार्यविधि २०७५" बनाएको छ ।

परिच्छेद –१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्विकृत भएका दिन देखि प्रदेश भर लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "आबेदक" भन्नाले योग्यता पुगी कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण गर्न अनुदान मागका लागि प्रस्ताव पेश गरेका आबेदकहरुलाई सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम" भन्नाले मन्त्रालयबाट अनुदानमा संचालन गरिने "कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर" स्थापना कार्य भन्ने सम्झनु पर्दछ ।

(ग) "कोल्डस्टोर वा कोल्डरुम" भन्नाले कृषि उपजको सुरक्षित भण्डारणका लागि चिस्यान सुविधा भएको एक वा मल्टि चेम्बर भएको एकतले वा बहुतले संरचना सम्झनु पर्दछ ।

(घ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्दछ ।

(च) "भौतिक पूर्वाधार" भन्नाले कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर स्थापना गरि संचालन गर्नका लागि आवश्यक पर्ने भवन, मेसिन औजार, सडक, पानी, बिजुली जस्ता पूर्वाधारहरु सम्झनु पर्दछ ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ ।

सचिव

(ज) "राईपेनिङ्ग च्याम्बर" भन्नाले कृषि उपज खास गरि केरा, आँप जस्ता फलफूल पकाउने सुविधा भएको एक वा मल्टि चेम्बर भएको एकतले वा बहुतले संरचना सम्झनु पर्दछ ।

(झ) "साझेदार" भन्नाले यस कार्यविधि अनुसार कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण गर्न सरकारी निजी साझेदारी अवधारणा अनुसार कार्य गर्न तयार भै मन्त्रालयसंग सम्झौता गरेको फर्म वा संस्थालाई सम्झनु पर्दछ ।

३. कार्यक्रमको उद्देश्य : यस कार्यविधि अनुसार कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालनको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् –

(क) कृषि उपजहरुको उत्पादन उपरान्तको क्षती न्यूनीकरण गर्ने,

(ख) कृषि उपजहरुको गुणस्तर प्रबर्द्धन र मूल्य अभिबृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने,

(ग) कृषि उपजहरुको बजारीकरणलाई सहज बनाउने ।

४. कोल्डस्टोर, कोल्डच्याम्बर र राईपनिङ्ग च्याम्बरको क्षमता : निर्माण गरिने कोल्डस्टोर वा कोल्डरुम कम्तिमा २० टन वा सो भन्दा बढी र राईपेनिङ्ग च्याम्बर कम्तिमा १० टन वा सो भन्दा बढी क्षमताको हुनुपर्ने छ ।.

परिच्छेद –२

कार्यक्रम संचालन

५. सूचना प्रकाशन : (१) मन्त्रालयले अनुदानमा कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम निजी सरकारी साझेदारी अवधारणा अनुसार संचालन गर्न योग्य आबेदकहरुबाट योजना सहितको प्रस्ताव पेश गर्न ३० दिने सूचना प्रकाशन गर्ने छ ।

(२) उपदफा १ बमोजिम प्रकाशित सूचना अनुसार कृषक समूहहरु, उपभोक्ता समिति, कृषि वजार समितिहरु, कृषि तथा बहुउद्देशीय सहकारी संस्थाहरु र निजी उद्योग तथा फर्महरुले प्रस्ताव पेश गर्न सक्नेछन् ।

६. प्रस्ताव पेश गर्ने : (१) नयाँ कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माणको लागि दफा ५ उपदफा २ अनुसारको योग्यता पुगेका सरोकारवालाहरुले कार्यक्रम संचालनको लागि अनुसूची (२) अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ ।

(२) प्रस्तावकले आवेदनसाथ अनुसूची (१) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(३) निर्माण सम्पन्न भई क्षमता थप गर्ने वा सेवाको गुणस्तर सुधार गर्न लगानी गर्नुपर्ने वा स्थापना गर्न निर्माणाधिन कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बरहरुले पनि रित पुर्याई अनुसूची (२) अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ ।

७. लागत साझेदारी : (१) कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालनका लागि प्रति कार्यक्रम पूँजीगत लागतको बढीमा ५० प्रतिशत सम्म रु १ करोडमा नबढ्ने गरी अनुदान रकम उपलब्ध गराइने छ ।

सचिव
रविन्द्र बहादुर प्रधान

८. प्रस्तावहरु मूल्याङ्कन तथा छनौट : (१) दफा ६ बमोजिम प्राप्त भएका प्रस्तावहरु मूल्याङ्कनका लागि मन्त्रालयमा देहाय वमोजिमको मूल्याङ्कन समिति रहनेछ –

(क)	महाशाखा प्रमुख, खाद्य सुरक्षा तथा कृषि ब्यवसाय प्रबर्द्धन महाशाखा,	संयोजक
(ख)	योजना तथा अनुगमन महाशाखा प्रमुख वा अधिकृत,	सदस्य
(ग)	प्रशासन तथा सहकारी विकास महाशाखा प्रमुख वा अधिकृत,	सदस्य
(घ)	आर्थिक प्रशासन शाखा अधिकृत,	सदस्य
(ङ)	कानून अधिकृत,	सदस्य
(च)	अधिकृत प्रतिनिधी, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,	सदस्य
(छ)	खाद्य सुरक्षा तथा कृषि ब्यवसाय प्रबर्द्धन महाशाखा अधिकृत,	सदस्य सचिव

(२) मूल्यांकन समितिले आवश्यकता अनुसार विषय बिशेषज्ञ वा पदाधिकारीहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(३) मूल्याङ्कन समितिको काम र कर्तव्यः मूल्याङ्कन समितिको काम र कर्तव्य देहाय वमोजिम हुनेछ –

(क) आवेदकहरुवाट प्राप्त प्रस्तावहरुलाई अनुसुची ३ र ४ का सुचकहरुका आधारमा मूल्याङ्कन गरी गर्ने,

(ख) आवश्यकता देखिएमा प्रस्तावित कार्यक्रम निर्माण स्थलको स्थलगत निरिक्षण गर्ने,

(ग) प्रस्तावहरुको मूल्याङ्कन पश्चयात मन्त्रालयमा समक्ष पेश गर्ने,

(घ) मन्त्रालयलाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक राय सुझाव दिने ।

९. कार्यक्रम कार्यान्वयन सम्झौता : (१) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी लागि सिफारिस सहित मन्त्रालयमा स्विकृतीका लागि पेश गर्ने छ ।

(२) उपदफा (१) अनुसार मूल्याङ्कन समितिले गरेको सिफारिसमा कुनै त्रुटी देखिएमा कुनै वा सवै प्रस्तावहरु पुनः मूल्याङ्कनका लागि मन्त्रालयले मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) अनुसार स्विकृतीका लागि योग्य भएका प्रस्तावहरुलाई मन्त्रालयले स्विकृत गर्नेछ

(४) छनौट भएका प्रस्तावहरुको जानकारी सम्वन्धित आवेदकहरुलाई संचारका माध्यमहरुवाट उपलव्ध गराईनेछ ।

(५) छनौट भएका आवेदकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्झौताका लागि सम्पर्क गर्नुपर्नेछ ।

(६) सम्झौता गर्न आउदा आबेदकहरुले अनुसुची ५ का तालिकाहरुमा उल्लेख भएका विवरणहरु भरी पेश गर्नुपर्ने छ ।

(७) यसरी आवश्यक प्रकृया पूरा गरेका आबेदकहरुसंग मन्त्रालयले अनुसूची ५ अनुसारको कोल्डस्टोर, कोल्डरुम वा राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालन सम्झौता गर्नेछ ।

१०. **कार्यक्रम कार्यान्वयन :** (१) सम्झौता पश्चात साझेदार संस्थाले सम्झौतामा उल्लेखित शर्त तथा मापदण्ड पूरा गरि कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(२) कार्यक्रम संचालनको अधिकतम समय सिमा सम्झौतामा तोकिए अनुसार हुनेछ र तोकिएको अवधि भन्दा चाडै सबै कृयाकलापहरु सम्पन्न गरि फरफारक समेत गर्न सकिनेछ ।

(३) मन्त्रालयले कार्यक्रम संचालन सम्झौता पश्चात नियमित अनुगमन, सुपेरिवेक्षण तथा पृष्ठपोषण गर्नेछ ।

(४) स्थलगत निरिक्षण गर्दा दिईएका मौखिक तथा लिखित सुझावहरु पालन गरी कार्यक्रम सम्पन्न गर्नु पर्नेछ



(५) स्थलगत निरिक्षण गर्दा दिईएका सुझावहरु वमोजिम कार्य सन्तोषजनक गरेको नपाईएमा मन्त्रालयले १५ दिन सम्मको समयावधि प्रदान गरि कार्यक्रम संचालनमा गुणस्तर कायम गर्न सचेत गराउनेछ ।

(६) उपदफा ५ अनुसार सचेत गराउँदा समेत सन्तोषजनक कार्य हुन नसक्ने देखियमा मन्त्रालयले कार्यक्रम संचालन सम्झौता खारेज गर्न सक्नेछ ।

(७) सम्झौता खारेज भएमा सम्पन्न भएको कामको मूल्याङ्कन गरि निकासा भएको रकम फछ्र्यौट गर्ने तथा मूल्याङ्कन गर्दा निकासा भएको भन्दा बढी प्रगति देखिए तापनि थप रकम निकासा नगर्ने वा निकासा भई कार्य नभएको भए मन्त्रालयले सरकारी बांकि सरह असुल उपर गर्ने प्रकृया अगाडि बढाउने छ ।

(८) कार्यक्रम संचालन गर्दा नेपाल बाहिरबाट सामाग्री खरिद गर्नुपर्ने भएमा मन्त्रालयको पूर्व स्विकृतीमा प्रतितपत्र (एल.सी.) खोली खरिद गर्न सक्नेछ ।

परिच्छेद – ३

अनुदान रकम भुक्तानी र अनुगमन तथा मूल्याङ्कन

११. अनुदान रकम निकासा : (१) मन्त्रालयले सम्झौता अनुसारको अनुदान रकम बढीमा तीन किस्तामा निकासा गर्नेछ ।

(२) साझेदार संस्थाले हासिल गरेको कार्य प्रगतीका आधारमा तथा प्राविधिकको सिफारिसमा साझेदार संस्थाले अनुदान रकम माग गरी पेश गरेको निबेदन अनुसूची ६ अनुसारको आधारमा अनुदान रकम निकासा गरिने छ

(३) कार्यक्रम संचालनका लागि मन्त्रालयबाट भुक्तानी हुने अनुदान रकम साझेदार संस्थाको बैंक खातामा सोझै वा चेक मार्फत उपलव्ध गराईनेछ ।

(४) अनुदान रकमको अन्तिम किस्ता माग गर्दा साझेदार संस्थाले खर्चको विल–भर्पाई, कार्यक्रम सम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाई तथा निर्माण गरिएको कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बरको संचालन प्रतिबद्धता सहितको कागजात संलग्न गरी पेश गर्नुपर्ने छ ।

परिच्छेद – ४

विविध

१२. कार्यक्रम संचालन तथा निर्माणः (१) सामाजिक सदभाव बिथोलिने तथा वातावरणीय पक्षमा गम्भिर असर पर्ने गरी कार्यक्रम संचालन गर्न पाइने छैन ।

(२) अनुदान सहयोगमा प्राप्त सुविधाहरुको उपयोग गरी मानविय स्वास्थलाई हानी पुर्याउने कुनै पनि किसिमका कृयाकलापहरु संचालन गर्न पाईने छैन ।

(३) अन्य कुनै सरकारी वा गैर सरकारी निकायबाट अनुदान प्राप्त भैरहेको कार्यक्रमका लागि मन्त्रालयवाट अनुदान प्रदान गर्न सम्झौता गरिने छैन ।

(४) कार्यक्रम संचालनको कूल लागतमा मन्त्रालयवाट दिईने अनुदान रकम कम भई अर्को कुनै संघ संस्थाले साझेदारी गर्न चाहेमा त्रिपक्षिय सम्झौता गरी संयुक्त रुपमा कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन ।

सचिव
रविन्द्र बहादुर

(५) कार्यक्रम संचालनका लागि उपलब्ध अनुदान रकमबाट तयार गरिएका संरचनाहरु, तथा मेसिन, औजारहरुको दुरुपयोग गर्न वा बेचबिखन गर्न पाईनेछैन, र कार्यक्रम संचालन स्थलमा अनुसूची ७ बमोजिमको होल्डिङ्ग बोर्ड राख्नुपर्नेछ ।

१३. संशोधनः यस कार्यविधिको संशोधन प्रदेश मन्त्रिपरिषदले गर्न सक्नेछ ।

१४. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख नगरिएका कुराहरुको हकमा प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

सचिव
रविन्द्र बहादुर प्रधान

दफा ६ को उपदफा २ सँग सम्बन्धित

अनुसूची १

आवेदन फारामसंग संलग्न गर्नुपर्ने कागजातहरु

(१) संस्था दर्ताको प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

(२) नविकरण आवश्यकता भएमा सो समेत र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परिक्षण प्रतिबेदन

(३) विधान प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि ।

(४) निर्माण गरिने जग्गा आबेदक संस्थाको नाममा भएको वा हुने सुनिश्चितता भएको प्रमाण ।

(५) तर निजी जग्गा बाहेक अन्य आबेदकहरुले पेश गरेको प्रस्तावको कूल लागत ३० लाखसम्म हुन आउने प्रस्तावका हकमा पूर्वाधार निर्माण गरिने जग्गाको स्वामित्वको प्रमाणपत्र (लालपूर्जा), वा स्थानीय सरकारबाट भोगाधिकार प्राप्त भएको प्रमाणको प्रतिलिपी

(६) आधिकारिक मान्यता प्राप्त प्राविधिकबाट तयार गरिएको भौतिक पूर्वाधार निर्माण संरचनाको डिजाईन ईष्टिमेट ।

(७) आबश्यक पर्ने मेसिन औजारहरुको हकमा बैधानिक आपूर्तीकर्ताबाट जारी गरिएको प्राविधिक स्पेसिफिकेसन सहितको कोटेशन ।

(८) आबेदक़को तर्फबाट लागत साझेदारी अनुसार लागत जुटाउन सक्ने प्रमाण :– (लगानी गर्ने प्रत्रिबद्धता जनाएको बैंक पत्र वा बैंकमा संस्थाको नाममा भएको बैंक मौज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण)

(९) सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरुका संस्थासंग कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बरबाट दिने सेवा सम्बन्धि सम्झौता तथा शर्तहरु (बस्तु, परिमाण, समयावधि, दर आदि विषयहरु समेटिएको) ।

(१०) आवेदक संस्थाको प्रस्ताव पेश गर्ने र लागत साझेदारी गर्ने निर्णयको प्रतिलिपि ।

(११) कम्तिमा ५ वर्ष संचालन गर्ने संचालन तथा मर्मत संभार कार्यविधि आबेदक संस्थाको बैठकबाट निर्णय भएको हुनुपर्ने ।

(१२) एकल व्यवसायिक फर्महरुले संस्थाको लेटरप्याडमा कार्यक्रम संचालन गर्ने प्रतिबद्धता ।

सचिव

रविन्द्र बहादुर प्रधान

दफा ६ को उपदफा (१) संग सम्बन्धित

अनुसूची २

प्रस्ताव पेश सम्बन्धी आवेदन फाराम

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
धनगढी, कैलाली ।

मितिः

विषय : अनुदानमा कोल्डस्टोर वा कोल्डरुम वा राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस मन्त्रालयबाट मिति .....मा प्रकाशित सूचना अनुसार ..... समूह/सहकारी/समिति/संस्था ले अनुदान लिइ ..... निर्माण कार्यक्रम संचालनका लागि आवश्यक योजना र प्रस्ताव तथा उक्त प्रस्ताव अनुसार ..... निर्माण कार्यक्रम संचालनका लागि कुल लागत रकम रु. .....(अक्षेरुपी.....मात्र) ईष्टिमेटगरिएकोले सोको ५० प्रतिशत बराबरले हुन आउने रकम रु. .....(अक्षेरुपी.....मात्र) तहाँ मन्त्रालयको "कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालन कार्यविधि २०७५" अनुसार अनुदान सहयोग उपलब्ध गराई दिनु हुन अनुरोध सहित अन्य आवश्यक कागजात यसैसाथ संलग्न गरी यो आवेदन पेश गरेका छौं ।

यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरु जाने बुझे सम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कार्वाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

आवेदक :

संलग्न कागजातहरु :

१.

२.

३.

सचिव
रविन्द्र बहादुर प्रधान



अनुदान लागत साझेदारीमा कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर कार्यक्रम संचालनका लागि आवेदन फाराम

१. आवेदकको विवरण

क्र.सं.	विवरण	
१.१	आवेदक संस्थाको नाम	
१.२	ठेगाना	जिल्ला गा.पा. / महा / उपमहा / न.पा.: वडा.नं.: स्थान:
१.३	आवेदक संस्थाको स्थापना	दर्ता नं.: दर्ता वर्ष: दर्ता गर्ने निकाय:
१.४	मू.अ.कर / स्थायी लेखा नं	
१.५	बैंक खाता विवरण	
	खाता रहेको बैंकको नाम	
	ठेगाना	
	खाताको किसिम	
	खाता नं	
	खाता संचालकको नाम	
	खातामा हस्ताक्षर रहेका व्यक्तीहरुको विवरण	(१) नाम : पद (२) नाम पद
१.६	आवेदकको किसिम	समूह / सहकारी / निजी फर्म.....
१.७	वर्तमानमा आवेदक संस्थाका के कस्ता गतिविधिहरु संचालित छन् उल्लेख गर्ने (बढीमा ५ बुदामा	
१.८	अन्य (खुलाउनुहोस्)	
१.९	जिम्मेवार व्यक्ति	
	नाम	
	पद	
	सम्पर्क फोन नं.	
	इमेल	
	पत्रचारको ठेगाना	

सचिव
रविन्द्र बहादुर [illegible]

१.१० संस्थामा रहेका सदस्य संख्या

जम्मा सदस्य संख्या	महिला सदस्य संख्या	दलित		जनजाती		मुक्त कमैया / हलिया		अन्य	
		महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष

२. कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण हुने स्थान

जिल्ला :

गा.पा. / न.पा./ उपमहा न.पा. :

वडा.नं. :

स्थान :

३. प्रस्तावित स्थानसम्म पुग्न सकिने गरि नक्सामा स्थान देखाउनु होस :

४. अवधि

कार्यक्रम शुरु गर्न सकिने मिति : .....

कार्यक्रम सम्पन्न गर्न सकिने मिति : .....

५. कोल्डस्टोर, कोल्डरुम वा राईपेनिङ्ग च्याम्बर संचालनबाट सेवा दिईने उत्पादन स्थलहरु तथा समूह / सहकारीहरु

उत्पादन स्थलहरु	समूह / सहकारी	कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर संचालन पश्चात भण्डारण गरिने बस्तुहरु		
		बस्तुहरु	भण्डारण गरिने समय (महिना / दिन)	लिईने शुल्क(प्रति कुइण्टल)

नोट : सेवा दिईने समूह / सहकारीहरुको बैठकबाट प्रस्तावित कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बरको सेवा लिने निर्णय गरि सो अनुसार आवेदक संस्थाले समूह / सहकारीहरुसंग भण्डारण गरिने बस्तु, समय र शुल्क खोली सम्झौता गरेको कागजात प्रस्ताव साथ पेश गरेको हुनु पर्नेछ ।

सचिव

रविन्द्र बहादुर



६. प्रस्तावित कोल्डस्टोर, कोल्डरुम वा राईपेनिङ्ग च्याम्बरमा के कस्तो कारोबार हुनेछ (प्रस्तावित कारोबार) ।

पहिलो वर्ष		दोस्रो वर्ष		तेस्रो वर्ष		चौथो वर्ष		पाँचौ वर्ष	
भण्डारण गरिने मुख्य मुख्य बस्तुहरु	भण्डारणबाट प्राप्त हुने आय रु.	भण्डारण गरिने मुख्य मुख्य बस्तुहरु	भण्डारणबाट प्राप्त हुने आय रु.	भण्डारण गरिने मुख्य मुख्य बस्तुहरु	भण्डारणबाट प्राप्त हुने आय रु.	भण्डारण गरिने मुख्य मुख्य बस्तुहरु	भण्डारणबाट प्राप्त हुने आय रु.	भण्डारण गरिने मुख्य मुख्य बस्तुहरु	भण्डारणबाट प्राप्त हुने आय रु.

७. आबेदक संस्थाको वित्तीय स्थिती

वित्तीय सवलता	जम्मा शेयर पूँजी	
	जम्मा वार्षिक आय	
	जम्मा वार्षिक खर्च	
	जम्मा ऋण	
बचत	बचत रकम	
	परिचालन	

८. अन्य थप आर्थिक विवरणहरु (आर्थिक सामर्थ पुष्टि हुने आधारहरु)

९. प्रस्तावित पूर्वाधारको डिजाइन र इष्टिमेट

१०. उपलब्ध हुने जग्गाको विवरण

क) क्षेत्रफल : (कम्तिमा प्रस्तावित संरचनाको प्लिन्थ एरियाको क्षेत्रफल भन्दा २ गुणा क्षेत्रफल भएको तथा मोटर पार्किङ र मोडन सकिने क्षेत्र भएको हुनु पर्नेछ ।)

ख) पाखो खेत :

ग) सडकको पहुँचको अवस्था तथा प्रस्तवित स्थान र मूल सडक सम्मको दूरी :

एविद
रविन्द्र बहादुर प्रधान



घ) बिद्युत सेवाको पहुँच र अवस्था :

१०.१ आबेदक संस्थासंग भएका सुविधाहरुको विवरण (बढीमा १ पेज) :

(भवन, कार्यालय, फर्निचर, मेसिन औजार, सवारी साधन आदि)

सचिव

११. लागत अनुमान र लागत साझेदारी योजना :

कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बरको जम्मा लागत, कसले, के / कति हिस्सा लिन्छ, आबेदक संस्थाको बैठकले गरेको निर्णयहरु पेश गर्नु पर्नेछ (बैठकको निर्णय प्रतिलिपी पनि आवश्यक छ) ।						
प्रस्तावित क्रियाकलापहरु	एकाई	परिमाण	दर	लागत		
				कुल लागत	अनुदान	आवेदकको हिस्सा
क. पूँजीगत लगानी						
१ पूर्वाधार विकास						
जम्मा पूर्वाधार विकास (क.१)						
२ मेसिन तथा औजारहरु						
जम्मा मेसिन तथा औजारहरु (क.२)						
(क) जम्मा पूँज़ीगत लगानी (१ +२)						
(ख) चालु खर्च						
१ सामाग्री						
जम्मा सामाग्री (ख. १)						
२ श्रमीक						
जम्मा श्रमीक (ख. २)						
३ व्यवस्थापन						
जम्मा व्यवस्थापन (ख. ३)						
४ अन्य						
जम्मा अन्य (ख. ४)						
५ पारदर्शिता खर्च						
जम्मा पारदर्शिता खर्च (ख.५)						
६.						
(ख) चालु खर्चको जम्मा लागत						

रविन्द्र बहादुर प्रधान

(ग) भैपरि आउने (क को १ प्रतिशत)						
कुल जम्मा (क+ख+ग)						

१२. कार्य योजना

क्रियाकलाप	अवधि (महिना)											
	१	२	३	४	५	६	७	८	९	१०	११	१२

सचिव
रविन्द्र बहादुर प्रधान



दफा ८ को उपदफा ३ को खण्ड (क) संग सम्बन्धित

अनुसूची ३

प्रारम्भिक मूल्याङ्कन

प्राप्त प्रस्तावहरुलाई सूचनामा उल्लेख गरिएका विवरणहरु प्राप्त भए नभएको र आवेदक योग्य भए नभएको विषयमा चेक जाँच गरि प्रारम्भिक मूल्याङ्कन गरिनेछ । यस अन्तर्गत देहाय वमोजिमका कुराहरु हेरिनेछन् र उपयुक्त निर्णय गरिनेछ –

(क) प्रस्ताव आह्वान गर्ने सूचनामा उल्लेख भएको स्थानमा तोकिएको मिति र समय भित्र आवेदन तथा व्यवसायिक योजना दर्ता भए / नभएको

(ख) आवेदक संस्थाको आधिकारिक व्यक्ति भए / नभएको साथै आवेदकले प्रस्तावमा संलग्न कागजातहरुको प्रत्येक पानामा दस्तखत गरी छाप लगाए / नलगाएको

(ग) आवेदक संस्था नियमानुसार दर्ता तथा नियमित नवीकरण भए/ नभएको,

(घ) स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र भए / नभएको,

(ङ) कार्यक्रम सम्बन्धि तोकिएको ढाँचामा विवरण तयार गरी पेश गरे नगरेको,

(च) कार्यक्रम संचालन सम्बन्धि संस्थागत निर्णय भएको प्रमाण पेश भए / नभएको (एकल व्यवसायिक फर्महरुका हकमा यो अनिवार्य नरहे ता पनि एक भन्दा बढि संचालक वा सदस्य रहेको संस्थाको हकमा यो अनिबार्य रहनेछ)

(छ) एकल व्यवसायिक फर्महरुले संस्थाको लेटरप्याडमा कार्यक्रम संचालन गर्ने प्रतिबद्धता पेश गरे नगरेको

रविन
रविन्द्र बहादुर प्रधान



दफा ८ को उपदफा ३ को खण्ड (क) संग सम्बन्धित

अनुसूची ४

मूल्याङ्कनका आधारहरु

आवेदक संस्थाको नाम र किसिम :

ठेगाना :

निर्माण गरिने पूर्वाधार : .....

पूर्वाधार निर्माण गरिने स्थान :

क्षमता :

क्र.सं.	विवरण	अंक भार	राय
१	कृषि बस्तु उत्पादन स्थललाई दिईने सेवा :	१०	
	आफ्नै संस्था र नजिकका समूह सहकारीहरुको उत्पादनको भण्डारण सेवा	१०	
	आफ्नै संस्थाको मात्र उत्पादनलाई भण्डारण सेवा	८	
	जिल्ला भित्रका समूह सहकारीहरुको उत्पादनलाई भण्डारण सेवा	६	
	प्रदेश भित्रका समूह सहकारीहरुको उत्पादनलाई भण्डारण सेवा	४	
	माथी उल्लेखित बाहेक अन्य उत्पादनलाई भण्डारण सेवा	१	
२	आबेदकको संस्थागत अवस्था र क्षमता	२५	
२.१	अनुभव	५	
	५ बर्ष भन्दा बढी	५	
	२ देखि ५ वर्ष	३	
	१ देखि २ वर्ष	२	
	६ महिना देखि १ वर्ष भन्दा कम	१	
२.२	उपलब्ध सुविधा तथा भौतिक पूर्वाधार	६	
	सडक / बाटो	२	
	बिजुली	२	
	पानी	२	
२.३	कोल्डस्टोर, कोल्डरुम वा राईपेनिङ्ग च्याम्बरका लागि आवश्यक मानव संसाधन	४	
	प्राविधिक, व्यवस्थापकिय तथा अदक्ष सबै उपलब्ध	४	
	प्राविधिक, व्यवस्थापकिय मध्ये कुनै एकसंगै अदक्ष उपलब्ध	३	

सचिव
रविन्द्र बहादुर

प्रदेश सरकार
उद्योग, वाणिज्य, कृषि तथा सहकारी मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी-कैलाली

	प्राविधिक, व्यवस्थापकिय मध्ये कुनै एक उपलब्ध	२	
	अदक्ष मात्र उपलब्ध	१	
	उपलब्ध नरहेको	०	
२.४	आबेदकको आर्थिक अवस्था (प्रस्तुत तथ्यहरुका आधारमा)	५	
	लगानीका लागि वैंक मौजदात भएको	५	
	लगानी गर्ने प्रतिबद्धता वित्तिय संस्थाबाट प्राप्त भएको	३	
	आर्थिक श्रोत सुनिश्चित नभएको	०	
२.५	संस्थामा महिला सहभागिता	५	
	८० प्रतिशत भन्दा बढी	५	
	६० देखि ८० प्रतिशत	४	
	४० देखि ६० प्रतिशत सम्म	३	
	४० प्रतिशत भन्दा कम	२	
	हुदै नभएको	०	
	व्यवस्थापकीय अवस्था :		
३	योजना अनुसार प्रस्तावित कार्य समयमा नै सम्पन हुन सक्ने आधारहरु :	१०	
	राम्रो रहेको, प्रष्ट आधार देखिएको	१०	
	सम्पन्न हुन सक्ने संभावना देखिएको	५	
	सम्पन्न हुने प्रष्ट आधार नदेखिएको	०	
४	प्राविधिक डिजाईन तथा ईष्टिमेट :	१०	
	प्रष्ट प्राविधिक डिजाईन तथा ईष्टिमेट तयार भएको	१०	
	आंशिक रुपमा प्राविधिक डिजाईन तथा ईष्टिमेट तयार भएको	५	
	प्राविधिक डिजाईन तथा ईष्टिमेट तयार नभएको	०	
५	भौगोलिक अबस्थितीको अवस्था	१५	
	प्रस्तावित स्थान भौगोलिक रुपमा उपयुक्त रहेको प्रष्ट देखिएको	१५	
	प्रस्तावित स्थान भौगोलिक रुपमा उपयुक्त रहेको प्रष्ट नदेखिएको	८	
	प्रस्तावित स्थानमा प्राविधिक रुपमा संरचना उपयुक्त नभएको	०	
६	व्यवसायिक संभावना	२०	
६.१	प्रस्तुत मूल्य र आम्दानीका सूचना	१०	
	बिश्वासिलो देखिएको	१०	
	मध्यम स्तरको देखिएको	६	
	कमजोर स्तरको देखिएको	३	

सचिव
गोविन्द बहादुर [illegible]



	वास्तविक नदेखिएको	०	
६.२	व्यवसायिक योजना	१०	
	आर्थिक रुपमा दीगो देखिएको	१०	
	आर्थिक रुपमा मध्यम स्तरको देखिएको	७	
	आर्थिक रुपमा कमजोर देखिएको	४	
७	लागत साझेदारी	१०	
	३० प्रतिशत भन्दा माथि	१०	
	३० प्रतिशत सम्म	७	
	३० प्रतिशत भन्दा कम	४	
	जम्मा	१००	

राय तथा सुझाव

अगाडि बढाउने / नबढाउने प्रष्ट धारणा सहितको कारणहरु उल्लेख गर्ने ।

मूल्याङ्कनकर्ताको

हस्ताक्षर

नाम :

मिति :

सचिव

रविन्द्र बहादुर प्रधान



दफा ९ को उपदफा (६) संग सम्बन्धित

अनुसूची ५

कार्यक्रम संचालन सम्झौता

सुदूरपश्चिम प्रदेश,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालन अनुदान सहयोग प्राप्त कार्यक्रम सञ्चालनका लागि

व्दिपक्षीय सम्झौता

यो सम्झौता (यसपछि "सम्झौता" भनिएको) मिति ..... साल ..... महिनाको ..... गतेका दिन सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र " ....."(यसपछि दोस्रो पक्ष) बीच " ....." कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ । यो सम्झौता दुबैपक्षबाट हस्ताक्षर भएपछि यस सम्झौताको दफा २ मा उल्लेख भएको कार्यक्रम शुरु हुने मिति देखि लागू हुनेछ ।

१. सम्झौता गरिएको कामको विवरण

कार्यक्रमको शिर्षक :"....."
कार्यक्रम संचालन स्थान :
कार्यक्रम संचालन गर्ने संस्थाको ठेगाना :

२. कार्यक्रम संचालनको समयावधि

शुरु मिति :	
सम्पन्न हुने मिति :	
कर्यक्रमको कुल अवधि (महिना / दिन) :	

विशेष परिस्थितिमा समान्यतया दुबै पक्षको समझदारीमा लिखित सहमतीको परिशिष्ट सहित यो सम्झौताको अवधि थप वा घट हुन सक्नेछ ।

३. कार्यक्रमको कुल लागत

३.१ यस कार्यक्रमको कुल लागत अनुमान रु. ..... (अक्षरेपी ..... मात्र) रहेको छ जुन निम्नानुसार व्यहोरिने छ :

कार्यक्रमको बजेट	जम्मा रकम रु.
कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालन अनुदान रकम (प्रथम पक्षले बेहोर्ने)	
अन्य निकायको सहयोग (यदि भएमा) (कस्तो कार्यका लागि न्यूनतम शर्तहरु के हुनेछन् अनुसूचीमा उल्लेख गर्नुपर्नेछ ।)	

सचिव

अरविन्द बहादुर

कार्यक्रम संचालक साझेदार संस्थाले व्यहोर्ने रकम (दोस्रो पक्षले बेहोर्ने) कुल जम्मा	

३.२ प्रथम पक्षले कार्यविधि अनुरुप " ..... " कार्यक्रम सञ्चालनका लागि अनुदान रकम रु. ..... (अक्षेरुपी .....मात्र) ननाघ्ने गरी दोस्रो पक्षलाई ..... किस्तामा रकम उपलब्ध गराउने छ ।

४. सम्झौताका शर्त एवं अवस्थाहरु **(Terms and Conditions)**

४.१ सम्झौताको दफा २ मा उल्लेख भएको कार्यक्रम शुरु भएको दिनबाट ३० दिनभित्र दोस्रो पक्षले आफ्ना सबै लाभान्वित समुदाय र अन्य सरोकारवालाहरुले देख्ने गरि प्रथम पक्षले तोकेको ढाँचा अनुसारको होर्डीङ बोर्ड राख्नु पर्नेछ ।

४.२ कार्यक्रमलाई तोकिएको समयमा नै सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

४.३ अनुदान रकम तोकिएको कार्य योजना अनुरुप यसै सम्झौतासँग संलग्न तालिका ३ अनुसार स्विकृत बजेट तालिकामा उल्लेख भएका शिर्षकहरुमा मात्र खर्च गर्न पाइनेछ ।

४.४ तत्कालिन अवस्थामा सामाग्रीहरुको खरिददर शुरु लागत अनुमान दर भन्दा बढी भई लागत मूल्य बढेमा सो बढेको मूल्य दोस्रो पक्षले नै ब्यहोर्नु पर्नेछ ।

४.५ यस सम्झौता अनुसार सहमती भएका कृयाकलापहरुमा कुनै संशोधन गर्नु परेमा दुबै पक्षहरु बीच सहमती भै गरिनेछ ।

४.६ दोस्रो पक्षले प्रथम पक्षको पूर्व लिखित स्वीकृती बिना वित्तिय सीमा भन्दा बाहिर खर्च गर्न पाउने छैन ।

४.७ दोस्रो पक्षले बस्तु वा सेवाको खरिद गर्दा प्रचलित ऐन नियमावली अनुसार खरिद गर्नुपर्नेछ ।

४.८ कार्यक्रमका लागि प्रदान गरिने अनुदानको सही सदुपयोग, सन्तोषजनक प्रगति तथा प्राप्त वित्तिय प्रतिवेदनको आधारमा अनुदानको निकासा दिइनेछ ।

४.९ कार्यक्रम अवधि वा सो पश्चात कार्यक्रम दोस्रो पक्षले प्रथम पक्ष वा प्रथम पक्षले तोकेको निकाय वा व्यक्तिलाई प्रथम पक्षको आवश्यकता अनुरुप कार्यक्रमको स्थल तथा व्यवसायिक क्षेत्रको निर्वाध रुपमा निरीक्षण गर्न दिनु पर्नेछ ।

४.१० दोस्रो पक्षले आफ्नो हिस्साको साझेदारी लागतको लगानी गरी यसै सम्झौता अनुसार स्वीकृत कृयाकलापहरुका लागि खर्च भएको रकमको बील भरपाईहरुको प्रतिलिपी पेश गरेपछि शोधभर्नाको रुपमा प्रथम पक्षबाट भुक्तानी लिन सक्नेछ ।

४.११ प्रथम पक्षले तोकेको ढाँचामा खर्चको बिवरणका आधारमा कार्यक्रमका लागि रकमको निकासा किस्तावन्दी रुपमा उपलब्ध गराउनेछ । भुक्तानी प्रकृया अगाडि बढाउनका लागि सफलता पूर्वक कार्य सम्पन्न मात्र नभई समयमै सम्पन्न कामको रिर्पोटिङ्ग तथा प्रमाणिकरण पनि हुनु पर्नेछ । किस्ता निकासाको विवरण निम्नानुसार रहने छ :

किस्ता	किस्ता निकासाकालागि सम्पन्न गर्नुपर्ने कृयाकलापहरु	अनुदान रकम रु.	निकासा मिति	किस्ता प्रतिशत
१	तोकेको कार्यको २० प्रतिशत सम्पन्न भए पश्चात			२०
२	कुल कार्यको ६० प्रतिशत सम्पन्न भए पश्चात			४०

सचिव
रविन्द्र बहादुर प्रधान

३	सबै कार्य सम्पन्न भए पश्चात			४०
जम्मा				१००

४.१२ कार्यक्रम सञ्चालनको क्रममा व्यवसायको प्रस्तावित क्रियाकलापमा परिवर्तनहरु हुन सक्ने जायज कारणहरु भएमा प्रथम पक्षलाई समयमा नै लिखित जानकारी गराउनु पर्नेछ र कुनै महत्वपूर्ण परिवर्तन हुने अवस्थामा प्रथम पक्षको स्वीकृती अनिवार्य लिनुपर्नेछ ।

४.१३ यदि दोस्रो पक्षले पूर्व स्विकृत कार्य योजनामा कुनै किसिमको अप्रत्यासित ढिलाई हुने संभावना देखेमा प्रथम पक्षलाई समय बढाउन पूर्व–स्वीकृतीका लागि अनुरोध गर्नु पर्नेछ ।

४.१४ दोस्रो पक्षको बैङ्क खाता विवरण निम्न बमोजिम हुनेछ र यदि कार्यक्रम संचालन अवधिमा यी विवरणहरुमा कुनै परिवर्तन हुन गएको हकमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

बैंकको नाम तथा ठेगाना :	
बैंक खाताको नाम :	
बैंक खाता नं. :	
बैंक खाताको किसिम :	
खाता सञ्चालकको नाम : पद :	

४.१५ लेखापरीक्षण प्रतिबेदन तयार गरि पेश गर्दा दोस्रो पक्षले इजाजत प्राप्त व्यवसायिक लेखापरीक्षकबाट लेखापरिक्षण गराएको हुनुपर्नेछ ।

४.१६ कोल्डस्टोर, कोल्डरुम र राईपेनिङ्ग च्याम्बर निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० को उपदफा ५ र ६ अनुसार प्रथम पक्षले सम्झौता खारेज गर्न सक्नेछ ।

४.१७ यस सम्झौतामा भएका बुँदाहरुमा भिन्नता, छुट तथा परिवर्तनहरु गरिएमा लिखित रुपमा दुबै पक्षहरुको तर्फबाट हस्ताक्षर भए मात्र लागु हुनेछन् ।

४.१८ दोस्रो पक्षले अन्तिम किस्ता वापतको रकम भुक्तानी लिनु पूर्व लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४.१९ कार्यक्रम अन्तर्गत निर्माण गरिने संरचनाहरु प्रचलित नियम कानुन, स्थानीय निकाय, सडक मापदण्ड र अन्य मापदण्ड पूरा गरि निर्माण गर्ने पूर्ण जिम्मेवारी दोस्रो पक्षको रहनेछ । यस्ता पूर्वाधारहरु निर्माण पूर्व दोस्रो पक्षले स्थानीय निकायबाट अनिवार्य नक्सापास गरि स्विकृती लिएको हुनपर्ने छ । प्रथम पक्षले उक्त कार्यको अनुगमन गर्ने र मापदण्ड विपरित वा नियम विपरित भएको पाएमा सो कार्यकालागि कार्यक्रम संचालन अनुदान रकम भुक्तानी रोक्का गर्ने वा असूल गर्ने अधिकार रहनेछ ।

दोस्रो पक्षको तर्फबाट आधिकारीक हस्ताक्षर	प्रथम पक्षको तर्फबाट आधिकारीक हस्ताक्षर
हस्ताक्षर : मिति : नाम : पद :	हस्ताक्षर : मिति : नाम : पद :

सचिन
रविन्द्र बहादुर प्रधान



संस्था : ठेगाना : छाप :	संस्था : ठेगाना : छाप :
साक्षी मिति : नाम : पद : संस्था : ठेगाना :	साक्षी मिति : नाम : पद : संस्था : ठेगाना :

सम्झौताका तालिकाहरु

तालिका १ : अनुदान ग्राहीको विवरण

अनुदान ग्राही संस्थाको नाम	
अनुदान ग्राही संस्थाको किसिम	
हालको व्यवसायको किसिम	उत्पादन व्यापार प्रशोधन भण्डारण
संस्था दर्ता बिबरण	दर्ता नं. : दर्ता वर्ष : निकाय :
संस्थाको ठेगाना	प्रदेश : जिल्ला : गा.पा. / महा / उपमहा / न.पा. : वडा नं :टोल : टेलिफोन नं. : फ्याक्स नं. : Email:
सम्पर्क व्यक्तिको नाम ठेगाना र पद	नाम : पद : टेलिफोन नं. : फ्याक्स नं. : Email:
मू.अ.कर / स्थायी लेखा दर्ता नं	मू.अ.कर / स्थायी लेखा दर्ता नं : मू.अ.कर / स्थायी लेखा दर्ता मिति :

सचिव
रविन्द्र बहादुर प्रधान



तालिका २ : स्वीकृत कार्यक्रमको विवरण

१ प्रस्तावित कार्यक्रमबाट लाभान्वित हुने क्षेत्रहरु तथा कृषक एवं व्यवसायीहरु

लाभान्वितहरुको किसिम	लाभान्वितहरुको संख्या											क्षेत्रहरु / स्थानहरु
	कुल	पुरुष	महिला	दलित		जनजाति		भूमिहिन		अन्य		
				पु	म	पु	म	पु	म	पु	म	
कृषक (प्रत्यक्ष)												
कृषक (अप्रत्यक्ष)												
व्यवसायि (प्रत्यक्ष)												
व्यवसायि (अप्रत्यक्ष)												
अन्य.... (प्रत्यक्ष)												
अन्य... (अप्रत्यक्ष)												
जम्मा (प्रत्यक्ष)												
जम्मा (अप्रत्यक्ष)												

२ कार्यक्रमबाट दिईने सेवा योजना

क्र.सं.	सेवा दिईने कृषि बस्तुहरुको विवरण			सेवा शुल्क				कैफियत
	उत्पादनको नाम	इकाई	परिमाण	इकाई	परिमाण	दर	रकम रु.	
१		मे.ट.		मे.ट.				
२		मे.ट.		मे.ट.				
३		मे.ट.		मे.ट.				

तालिका ३ : स्विकृत कार्यक्रमको बजेट सिट तथा लागत साझेदारी तालिका

प्रस्तावित क्रियाकलापहरु	एकाई	परिमाण	दर	कुल लागत		
				कुल लागत	अनुदान	आवेदकको हिस्सा

तालिका ४ : स्विकृत कार्यक्रम कार्यान्वयन कार्य तालिका

स्विकृत क्रियाकलापहरु	एकाई	परिमाण	सम्पन्न गरिने समय अवधि			
			बैशाख	जेष्ठ		

सचिव
रविन्द्र बहादुर प्रधान



तालिका ५ : प्रस्तावित मेसिन औजारहरुका स्पेसिफिकेसनहरु

सामाग्री, मेसिन, औजार तथा संरचनाहरु	विवरण (स्पेसिफिकेसन)

सचिव
रविन्द्र बहादुर प्रधान



दफा ११ को उपदफा (२) संग सम्बन्धित

अनुसूची ६
अनुदान रकम माग निबेदन तथा प्रतिबेदन

मितिः .....

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली ।

विषयः अनुदान रकम भुक्तानी पाउँ वारे ।

महोदय,

प्रस्तुत विषयमा तहाँ मन्त्रालय र हाम्रो ..... समूह / सहकारी / समिति / संस्थाबाट मिति ..... मा सम्पन्न ..... निर्माण कार्यक्रम संचालन गर्न भएको सम्झौता अनुसार यस समूह / सहकारी / समिति / संस्था ले ..... निर्माणको ..... प्रतिशत कार्य सम्पन्न गरि सकेकोले त्यस मन्त्रालयबाट सम्झौता अनुसार ..... किस्ता वापत निकासा दिनुपर्ने ..... प्रतिशत अनुदान रकम रु..... (अक्षेरुपी .....) भुक्तानी पाउँ भनी आवश्यक कागजात संलग्न राखी यो निवदेन पेश गरेको छु ।

.....समूह / सहकारी / समिति / संस्थाको तर्फबाट

हस्ताक्षर :
नाम :
पद :
ठेगाना :
संस्थाको छाप

संलग्न कागजातहरु :
१. आर्थिक विवरण सिट ... पाना
२. ईन्जिनियरिङ्ग मुल्याङ्कन गरिएको पाना संख्या
३. बिल बिजकका प्रतिलिपि .....पाना÷थान ।
४. कार्य प्रगतिको फोटो ।
५. समूह /सहकारी/.... / फर्मले खर्च अनुमोदन गरेको र किस्ता माग गरेको निर्णयको प्रतिलिपि .. पाना
६. लेखापरिक्षण प्रतिबेदन (अन्तिम किस्ताका लागि अनिवार्य) पाना

सचिव



७. सार्वजनिक सुनुवाई प्रतिबेदन (अन्तिम किस्ताका लागि अनिवार्य) पाना

८. कोल्डस्टोर, कोल्डरुम वा राईपेनिङ्ग च्याम्बर संचालन योजना (अन्तिम किस्ताका लागि अनिवार्य) पाना

किस्ता माग आर्थिक विवरण

स्विकृत							प्रगति				माग गरिएको अनुदान रकम	कैफियत
क्र.सं.	क्रियाकलापहरु	इकाई	परिमाण	जम्मा रकम	स्व लगानी	अनुदान रु.	परिमाण	जम्मा रकम	स्व लगानी	अनुदान रु.		
जम्मा												
अक्षेरुपी												

सचिव
रविन्द्र बहादुर प्रधान

दफा १२ को उपदफा ५ संग सम्बन्धित

अनुसूची ७

कार्यक्रम संचालन स्थलमा राखिने होडिङ्ग बोर्डको नमुना

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	
कार्यक्रमको नाम :	
संचालन गर्ने संस्थाको नाम :	
ठेगाना :	
निर्माण गरिने संरचनाको नाम :	
क्षमता :	
कुल लागत :	अनुदान :
	स्वलगानी :
	..... संस्थाको लगानी :
लाभान्वित	जम्मा : महिला: पुरुष :
संचालन हुने अवधि (साल / महिना /दिन)	शुरु: सम्पन्न :
जिम्मेवार व्यक्ति	नाम : पद: मो.नं. :

सचिव
रविन्द्र बहादुर प्रधान